# आकाशवाणी समाचार- नेपाली

मितिः १३ अप्रेल २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

1. प्रधान मन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा नारी शक्ति वन्दन सम्मेलनलाई सम्बोधन गर्नुहुनेछ।
2. प्रधान मंत्री श्री नरेन्द्र मोदीले हिज पश्चिम बंगाल को सिलगड़ी मा एउटा चुनाव रैलीलाई संबोधन गर्नुहुदै आगामी चुनावमा सत्ताधारी तृणमूल कांग्रेस पराजित हुने बताउनु भएको छ।
3. केन्द्रीय गृह मंत्री अमित शाहले आज बीरभूम र पश्चिम बर्धमान जिल्लाहरुमा चुनाव प्रचार गर्नुहुनेछ भने तृणमूल कांग्रेस प्रमुख ममता बनर्जीले आज राज्यका विभिन्न स्थानहरुमा कयौ चुनावी रैलिहरु गर्नुहुनेछ।
4. दुई वरिष्ठ उपनिर्वाचन आयुक्तहरू, ज्ञानेश भारती र पवन कुमार शर्मा, आगामी विधानसभा चुनावको तयारीको समीक्षा गर्न आज पश्चिम बंगालको भ्रमणमा छन्।
5. प्रधानमन्त्री नरेन्द्र मोदीलाई भेटेर धेरै उत्साह र सकारात्मक ऊर्जा मिलेको खरसाङ विधानसभा समष्टिको लागि भारतीय जनता पार्टीका उम्मेदवार सोनाम लामाले बताउनु भएको छ|

**प्रधानमंत्री-नारी शक्ति सम्मेलन**

प्रधान मन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा नारी शक्ति वन्दन सम्मेलनलाई सम्बोधन गर्नुहुनेछ। राष्ट्रिय स्तरको सम्मेलनले देशको विकासको बाटो तय गर्न महिलाको सहभागितामा वृद्धि गर्ने प्रतिबद्धतालाई सुदृढ पार्नेछ। यसले पञ्चायतदेखि संसद्सम्म शासन र नेतृत्वमा महिलाको भूमिकाको बढ्दो भूमिकालाई उजागर गर्नेछ। यसले निर्णय प्रक्रियामा महिलाको अधिक प्रतिनिधित्वको महत्त्वलाई पनि रेखांकित गर्नेछ ।

सम्मेलनमा विभिन्न क्षेत्रमा असाधारण उपलब्धि हासिल गरेका महिलाहरु शामेल भइरहेका छन्। कार्यक्रममा सरकारी, शिक्षा, विज्ञान, खेलकुद, उद्यमशीलता, मिडिया, सामाजिक कार्य र संस्कृतिका महिलाहरुको पनि सहभागिता रहनेछ। सम्मेलनले सन् २०४७ सम्ममा भारतको विकसित राष्ट्र बन्ने यात्रामा महिलाको भूमिकालाई प्रकाश पार्नेछ।

सेप्टेम्बर २०२३ मा, संसदले विधायिका निकायहरूमा महिलाको प्रतिनिधित्व बढाउने उद्देश्यका साथ नारी शक्ति बन्दन ऐन पारित गरेको थियो। यस अधिनियमले लोकसभा र राज्य विधानसभाहरूमा महिलाहरूका लागि एक तिहाई सीटहरूको आरक्षणको व्यवस्था गर्दछ। यसै महिनाको १६ तारिखदेखि सुरु हुने संसदको सत्रमा महिला आरक्षणको कार्यान्वयनलाई देशभरि नै सम्बोधन गरिने बताइएको छ।

**प्रधानमंत्री - सिलीगुड़ी रैली**

भारतीय जनता पार्टीको वरिष्ठ नेता अनि प्रधान मंत्री श्री नरेन्द्र मोदीले हिज पश्चिम बंगाल को सिलगड़ी मा एउटा चुनाव रैलीलाई संबोधन गर्नुभयो। प्रधान मंत्रीले दार्जिलिंग पहाड़ अनि जलपाईगड़ी जिल्लाहरुका 13 भाजपा उम्मेद्वारहरुको समर्थनमा रैलीलाई संबोधित गर्नु भयो। उहाँले भन्नुभयो पश्चिम बंगालको जनताको उत्साह यस कुरो को संकेत हो कि आगामी चुनावमा सत्ताधारी तृणमूल कांग्रेस पराजित हुनेछ।

***श्री मोदीले आरोप लगाउनुभयो कि तृणमूल कांग्रेस सरकारले आफ्नो कार्यकाल मा राज्य को विकासलाई क्षति पुराएको छ अनि निधि आवंटन मा असंतुलन बनेको छ। उहाँले राज्य सरकारले मदरसाहरुलाई पर्याप्त संसाधन दिएको तर उत्तर बंगालको विकास आवश्यकताहरुलाई अनदेखा गरेको आरोप पनि लगाउनुभयो। सिलगड़ीको कावाखालीमा जनसभालाई सम्बोधन गर्नुहुँदै श्री मोदीले पर्यटन, संपर्क अनि औद्योगिक क्षेत्रहरुमा यस क्षेत्रको उपेक्षा गरिएको बताउनुहुँदै टीएमसी माथि तुष्टीकरणको राजनीति गरेको आरोप लगाउनुभयो। प्रधानमंत्रीले भन्नुभयो टीएमसीले उत्तर बंगाल मा चिया बागान श्रमिकहरु अनि जनजातीय समुदायको कल्याणलाई अनदेखा गरेको छ। उहाँले निवासीहरुलाई यदि भाजपा सरकार सत्तामा आए, यस क्षेत्रमा अस्पताल, मेडिकल कॉलेज अनि विश्वविद्यालयहरुको निर्माणलाई प्राथमिकता दिइने आश्वासन***

*पनि दिनुभयो। स्थानीय प्रतिभाहरु माथि प्रकाश पार्नुहुँदै श्री मोदीले राजबंशी भाषामा योगदानको लागि पद्म पुरस्कारद्वारा सम्मानित नागेंद्रनाथ रॉय अनि सिलगड़ी निवासी अनि प्रमुख क्रिकेटर तथा महिला विश्व कप विजेता ऋचा घोषको उल्लेख गर्नुभयो। श्री मोदीले देशभरीमा आदिवासी समुदायहरुको विकासको लागि एक लाख करोड़ रुपियाँको कोष आवंटित गरिएको तर टीएमसी सरकार पश्चिम बंगाल का आदिवासी क्षेत्रहरुमा यी निधिहरुको उपयोग गर्न तथा पाइपलाइनद्वारा पेयजल पुर्याउने परियोजनाहरुलाई लागू गर्न विफल रहेको बताउनुभयो। उहाँले मतुआ अनि नामासुद्र समुदायहरुलाई भाजपा सत्ता मा आए उनीहरुलाई सीएए अन्तर्गत नागरिकता प्रदान गरिने आश्वासन पनि दिनुभयो। आफ्नो भाषणको समापन मा, प्रधानमंत्रीले राज्यमा घुसपैठलाई लिएर चिंता व्यक्त गर्नुहुँदै तृणमूल कंग्रेसले घुसपैठीहरुलाई आफ्नो समर्पित वोट बैंक को रूप मा प्रयोग गरिरहेको आरोप लगाउनुभयो। राज्य मा महिलाहरुलाई पर्याप्त सुरक्षा नभएको पनि श्री मोदीले बताउनुभयो। उहाँले जनतासित राज्य मा विकास अनि असल शासनको लागि भाजपाको समर्थन गर्ने अपील गर्नुभयो।*

## मुख्यमंत्री-रैली

तृणमूल कांग्रेस प्रमुख अनि पश्चिम बंगालको मुख्यमंत्री ममता बैनर्जीले हिज पूर्वी बर्धमानको खंडाघोष मा चुनाव रैली मा भाजपा को आलोचना गर्नुभयो। उहाँले भन्नुभयो तृणमूल कांग्रेसले आफ्नो वाचा पुरा गर्द छ जबकि भाजपा का नेताले केवल वाचा गर्दछ। सुश्री बैनर्जीले कृषिलाई लिएर भाजपा को दावीहरुलाई खारेज गर्नुहुँदै राज्य मा कृषि उत्पादन मा वृद्धि भएको बताउनुभएको छ। यसको साथै हिज चुनावी प्रचारको अवधि बांकुड़ा जिल्लाको छातनामा आयोजित जनसभा मा मुख्यमंत्रीले भारतीय जनता पार्टीले जबरन बंगालमा कब्जा गर्न चाहेको तर यस्तो कहिले संभव नहुने बताउनुभयो। मुख्यमंत्रीले भाजपाले सम्पूर्ण देशमा एउटै पार्टीको शासन स्थापित गर्न चाहेको बताउनुभयो। भाजपाले डिलिमिटेशन बिल ल्याउने कोशिश गरिरहेको बताउनुभयो।

## पश्चिम बंगाल प्रचार

पश्चिम बंगालमा विधानसभा चुनावभन्दा पहिले प्रचार अभियान तेज भएको छ । भारतीय जनता पार्टीका वरिष्ठ नेता एवं केन्द्रीय गृह मंत्री अमित शाहले आज बीरभूम र पश्चिम बर्धमान जिल्लाहरुमा चुनाव प्रचार गर्नुहुनेछ ।उहाँले आज दिउसों बीरभूमको सैंथियामा र यसपछि खैरासोलमा चुनावी रैलीलाई सम्बोधित गर्नुहुनेछ । त्यसपश्चात पश्चिम बर्धमान जिल्लामा र साँझ दुर्गापुरमा श्री शाहको जनसभा हुनेछ । राति आठ बजे दुर्गापुरमा नै पार्टी संगठनको बैठक हुनेछ ।

अर्को तर्फ तृणमूल कांग्रेस प्रमुख ममता बनर्जीले आज राज्यका विभिन्न स्थानहरुमा कयौ चुनावी रैलिहरु गर्नुहुनेछ । आज बिहान बीरभूम जिल्लाको सूरीमा सुश्री बनर्जीको जनसभा हुनेछ । यसपछि , पूरबा वर्धमानको गालसीमा र फेरी बांकुरामा जनसभा हुनेछ । सुश्री ममता बनर्जीले दिउँसो दुर्गापुरमा चुनावी रैली गर्नुहुनेछ ।

## प्रधानमन्त्री नरेन्द्र मोदीलाई भेटेर धैरै उत्साह र सकारात्मक ऊर्जा मिलेको छ: सोनाम लामा

खरसाङ विधानसभा समष्टिको लागि भारतीय जनता पार्टीका उम्मेदवार सोनाम लामाले हिज सिलगढीमा प्रधानमन्त्री नरेन्द्र मोदीलाई भेटे। सिलगढीको कावाखालीमा हिज प्रधानमन्त्री नरेन्द्र मोदीले उत्तर बंगालको केही जिल्लाका भाजपा प्रार्थीहरूको पक्षमा आयोजित चुनावी सभालाई सम्बोधित गर्नुभयो ।
यसावधि प्रधानमन्त्री नरेन्द्र मोदीसित पहाडका तीनैजना उम्मेदवार दार्जिलिङका नोमन राई, खरसाङका सोनाम लामा र कालेबुङका भरत छेत्री पनि उपस्थित रहेका थिए। उनीहरू बाहेक सिलगढीका शंकर घोष, मतिगढा नक्सलबारीका आनन्दमय बर्मन, फाँसीदेवाका दुर्गा मुर्मु, फुलबारी डापग्रामका शिखा च्याटर्जी पनि उपस्थित रहेका थिए। प्रधानमन्त्री नरेन्द्र मोदीसँग एउटै मञ्चमा उभिन पाएर भाजपा उम्मेदवारहरु निक्कै उत्साहित बनेका छन्।
खरसाङ विधानसभा समष्टिका भाजपा उम्मेदवार सोनाम लामाले प्रधानमन्त्रीसँग भेट भएपछि धैरै ऊर्जा मिलेको बताए। उहाँले भन्नुभयो , प्रधानमन्त्री नरेन्द्र मोदीलाई स्वागत गर्न पाउनु एकदमै ठूलो कुरा हो। प्रधानमन्त्रीलाई भेटेपछि धैरै उत्साह र ऊर्जा मिलेको छ।'र आफ्नो जीतप्रति सकारात्मक र आशावादी बनेको श्री लामाले बताउनु भयो ।

**अभिषेक ब्यानर्जी लक्ष्मी भण्डार**

पूर्व मेदिनीपुर, जिल्लाको मोयनामा हिज तृणमूल कंग्रेसका राष्ट्रिय महासचिव अभिषेक ब्यानर्जीले पार्टी प्रत्याशी चन्दन मण्डलको समर्थनमा रोड शो तथा जनसभालाई सम्बोधन गर्नुहुदै तृणमूल कंग्रेस सत्तामा रहुञ्जेलसम्म लक्ष्मी भण्डार योजना जारी रहने बताउनु भएको छ।

**इण्डियन गोर्खा जनशक्ति फ्रण्टद्वारा बन्दना राईको पक्षमा खरसाङमा परिवर्तन र्‍यालीको आयोजना**

इण्डियन गोर्खा जनशक्ति फ्रण्ट (आईजीजेएफ) को खरसाङ विधानसभा समष्टिकी उम्मेदवार बन्दना राईको पक्षमा हिज खरसाङमा परिवर्तन र्‍याली आयोजना गरिएको थियो। आईजीजेएफको भातृ संगठन हाम्रो हिल तराई डुवर्स चियाबारी श्रमिक संगठनको आयोजनामा आयोजित र्‍याली स्थानीय रेलवे स्टेशन परिसरबाट शुरु भएर हिल कार्ट रोड हुँदै खरसाङ बजार परिक्रमा गरेपछि आईएनए बस टर्मिनलमा पुगेर चुनावी पथ सभामा परिणत भएको थियो । चुनावी पथ सभामा आईजीजेएफको केन्द्रिय संयोजक अजय एडवर्ड्स, एनबी खवास, भरत तामाङ, हाम्रो हिल तराई डुवर्स चियाबारी श्रमिक संगठनको केन्द्रिय अध्यक्ष डीके गुरूङ लगायत अन्य पदाधिकारीहरु उपस्थित रहेका थिए। चुनावी पथ सभापछि र्‍यालीले पुन: बस टर्मिनलदेखि खरसाङको मोटर स्ट्याण्डसम्म जाने प्रयास गरेको थियो , तर प्रशासनिक अनुमति नभएकाले प्रशासनले र्यालीलाई रोकेको थियो। यद्यपि, अजय एडवर्ड्स र बन्दना राईको नेतृत्वमा र्‍याली बस टर्मिनलदेखि खरसाङको टुरिस्ट लजसम्म आइपुगेको थियो। पुलिस प्रशासनले र्‍यालीलाई त्यहॉबाट अगाडि बढ्न नदिएपछि त्यही नै बंगाल सरकारले प्रदान गर्नेभनिएको 5 डेसीमल जमीनको पट्टाको विरोध जनाउँदै दस्तावेज जलाउने कार्य गरिएको थियो।

**मुख्यमन्त्रीले बिशप स्टेफन लेप्चासँग गरे शिष्टाचार भेट**

मुख्यमन्त्री प्रेमसिंह तामाङले हिज दार्जिलिङ-सिक्किम डायोसिसका बिशप स्टेफन लेप्चासँग दार्जिलिङस्थित बिशप हाउसमा शिष्टाचार भेट गर्नुभयो । उक्त जानकारी उहाँले हिज सामाजिक सञ्जाल पोस्टमा दिनुभएको छ । मुख्यमन्त्रीले बिशप स्टेफन लेप्चासँग भेट गरी उहाँको स्वास्थ्यबारे जानकारी लिनुभयो भने इस्टरको हार्दिक शुभकामना पनि व्यक्त गर्नुभयो ।उहाँले बिशपलाई सुस्वास्थ्य, शान्ति र दिव्य आशीर्वादको कामना गर्नुभयो ।

****** o ******